# मकवानपुरगढी गाँउपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

मक्रान्चुली, मकवानपुर
३ नं. प्रदेश, नेपाल

प. सं. : ०७५/०७६
च.नं. :

मिति : २०७५।७।१६

## सम्पूर्ण सहकारी संघ/संस्थाहरुको लागि अत्यन्त जरुरी सूचना

साविक डिभिजन सहकारी कार्यालय मकवानपुरमा दर्ता भई यस मकवानपुरगढी गाउँपालिका क्षेत्रभित्र संचालनमा रहेका सहकारी संस्थाहरुको दर्ता, खारेजी,लिक्वीडेसन,एकिकरण, अनुगमन तथा नियमन जस्ता डिभिजन सहकारी कार्यालयले गरी आएका कार्यहरु हाल यस मकवानपुरगढी गाउँपालिका,गाउँकार्यपालिकाको कार्यालय सहकारी शाखाबाट सम्पादन भई आएको व्यहोरा सरोकारवाला सबैमा अवगत गराउन चाहन्छौ । यस गाउँपालिकाले सहकारी ऐन, २०७४ पारित गरि आफ्नो वेवसाइट www.makawanpurgadhimun.gov.np मा upload गरेको हुँदा उक्त सहकारी ऐन। २०७४ Download गरी अध्ययन गर्न सबैमा अनुरोध गर्दछौं । उक्त सहकारी ऐन तथा प्रचलित कानुन बमोजिम गर्नु पर्ने **मासिक प्रतिवेदन, बार्षिक साधरणसभा तथा अधिवेशन, सुपरिवेक्षण समितिको गठन, लेखा परिक्षण** जस्ता नियमित कार्यहरु समयमै सम्पादन गरी गाउँ कार्यपालिकाको सहकारी शाखामा नियमित प्रतिवेदन बुझाउने व्यवस्था मिलाउन हुन यो सूचना जारि गरिएको छ । उल्लेख गरिए बमोजिम कानूनले निर्दिस्ट गरेका कार्यहरु सम्पादन भए/नभएको सम्वन्धमा कुनैपनि समयमा अनुगमन गर्न सकिने तथा नियम अनुसार कारवाही समेत गर्न सकिने भएको व्यहोरा यसै सूचना द्वारा सुचित गरिन्छ ।

# मकवानपुरगढी गाँउपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
मकान्चुली, मकवानपुर
३ नं. प्रदेश, नेपाल


प. सं. : ०७५/०७६
च.नं. :

मिति : २०७५।७।१६